मिति : २०७६.०६.०८

आज मिति २०७६.०६.०८ गते बुधवारको दिन महाङ्काल गाउँपालिका वडा नं ५, चन्दनपुरको वडा कार्यालयमा वडा अध्यक्ष श्री खोम प्रसाद दाहाल- ज्यूको अध्यक्षतामा र पुनर्निर्माण प्राधिकरण, जिल्ला आयोजना कार्यान्वयन इकाई, ललितपुरबाट यस गाउँपालिकाको फोकल इन्जिनियरको रूपमा खटिएका इन्जिनियर श्री अविनाश अमरज्यूको प्रमुख आतिथ्यमा निम्न व्यक्तिहरूको उपस्थितिमा पुनर्निर्माण कार्यको समीक्षाको लागि बैठक बसेको छ। सो बैठकको उपस्थिति, प्रस्ताव तथा निर्णयहरू यस प्रकार रहेका छन्।

उपस्थिति :-

| क्र.सं. | नाम | सम्पर्क नं | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | खोम प्रसाद दाहाल | ९८५११०६५८१ | वडा अध्यक्ष | |
| २ | उतम कुमार घिमिरे | ९८५१२२८१०१ | वडा सदस्य | |
| ३. | धर्म कुमारी दाहाल | ९८६३९२८८८२ | ,, ,, | धर्मकुमारी |
| ४ | मुद्रथा परियार | ९८१३५७६६८३ | ,, ,, | मुद्रथा |
| ५. | अविनाश अमर | ९८४२९३१८३९ | फोकल इ. | |
| ६. | आशिश ढकाल | ९८६७८४४३८० | वडा इन्जिनियर | |
| ७. | गंगा प्रसाद तिमाल्सिना | ९८६११९३८५४ | वडा सचिव | |

प्रस्ताव :

१. पुनर्निर्माणको समीक्षा ।
२. किस्ता अन्तमा दोहरिएका सम्भावित कारणहरू ।
३. प्राधिकरणका प्रतिनिधिहरूद्वारा गर्नुपर्ने सहजीकरण ।
४. चैत्र मसान्त भित्र पुनर्निर्माण सम्पन्न गर्ने सम्बन्धमा ।
५. विविध ।

छलफल तथा निर्णयहरू :

१. प्रस्ताव नं १ माथि छलफल गर्दा इच्छाशक्ति भएकाहरूले घर बनाएको देखिएकोले पुनर्निर्माण कार्यलाई समग्रमा सन्तोषजनक भएको मान्नुपर्छ। तर, अरूलाई पनि घर सम्पन्न गर्न लगाई पुनर्निर्माण कार्य शीघ्र सम्पन्न गर्न लगाउनु पर्छ।

२. प्रस्ताव नम्बर दुई माथि छलफल गर्दा २५७ जना लाभग्राही

मध्ये २५६ जनाले प्रस्थीला गरेको र १६४ जनाले मात्र दोस्रो किस्ता र १३१ जनाले तेस्रो किस्ता लिएको अवस्थामा पहिलो र दोस्रो किस्ता बीच देखिएको ८२ घरधुरीको अन्तर र ४३ घरधुरीको दोस्रो र तेस्रो किस्ताको अन्तरको सम्भावित कारणहरु निम्न हुन सक्छन् ।

पहिलो र दोस्रो किस्ता बीचको अन्तरको सम्भावित कारणहरु :

क) २१ घरधुरीले प्राविधिक आउनु पूर्व घर बनाएको

ख) ११ घरधुरी जोखिम बस्तिको रुपमा रहेको र सो रिपोर्ट छुटेको

ग) २० घरधुरी जति पुरानै जोखिम घरमै बसिरहेको बाँकी अन्तमित्रबाट धाम्हा पाउन सक्रिय

घ) ५ जना Retrofit बाट पुनर्निर्माणको पर्खाइमा

ङ) वर्षातको समाप्तिको पर्खाइमा आदि ।

दोस्रो र तेस्रो किस्ताको अन्तर ४३ देखिएकोमा सम्भावित कारणहरु यी हुन सक्छन् :

क) किस्ताको पर्खाइमा (किस्ताको ढिलाई)

ख) ५ वटा घर जतिले DPC भन्दा माथिको कार्य नगर्ने

ग) पैसाको अभाव (आर्थिक पक्ष)

घ) बाटोको समस्या

ङ) समयमै सामान र डकर्मी नपाउनु

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा प्राधिकरणका प्राविधिकहरुद्वारा यी कार्यहरु गर्दा सहज हुने

क) वडाका प्राविधिकहरुले समय समयमा हौसला प्रदान गर्दा

ख) नमुना गा.पा. मा रुपान्तरण गर्न प्रत्येक लाभग्राहीको संलग्नता अपरिहार्य

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा यी कार्यहरु गर्नु पर्ने देखिन्छ ।

क) पहिलो र दोस्रो किस्ता मात्र लिएका लाभग्राहीहरु सम्पूर्णलाई कार्तिक ३ गते आउनबाला दिन वडा कार्यलयमा बैठक राखि डाक्ने र सम्पूर्णलाई चैत्र मसान्त भित्र घर सम्पन्न गर्न निर्देशन दिनुको साथै प्रत्येक लाभग्राहीले घर सम्पन्न गर्न ढिलाईको कारण रिपोर्ट गर्ने ।

ख) उक्त बैठकमा वडाका प्राधिकरणका प्राविधिकहरुले संचालन

मन्त्रीको साथै आवश्यक व्यक्तिहरूलाई डाक्ने।

ग) उक्त बैठकमा घर बनाउन इच्छुक नमस्त्राहरूलाई क्रम मिति प्रक्रमा अगाडी बढाउने र त्यस्ताको नामावली संकलन गरी लाभग्राही सुचिबाट नाम हटाउने प्रक्रिया अगाडी बढाउने।

४. श्री माथिका विचारहरु र प्रस्ताव माथि छलफल गर्दा महाङ्काल गा.पा. लाई नमुना गा.पा. बनाउन प्रतिबद्ध रहेको र वडा नं ४ चन्दपुर वडा कार्यालय र वडाका सम्पूर्ण जन प्रतिनिधिहरु, वडा अन्तर्गका प्राधिकरणका प्राविधिकहरु प्रतिबद्ध रही आ-आफ्नो स्थानबाट काम-काज अगाडी बढाउने।
चैत्र मसान्त भित्र पुनर्निर्माणको पहिलो चरण समापत गर्न हामी सम्पूर्ण पूर्ण प्रतिबद्ध छौं।

- साथै केही असहाय, र निम्न स्तरका लाभग्राहीहरुलाई घर बनाउन सहयोग गर्ने उद्देश्यले सहयोगको लागि विभिन्न निकायलाई पहल गर्ने।
- चन्दनपुरमा रहेको घडेरी दुर्लुङ्ग कोडिमा परेका ३ घरलाई उहाँहरुको जग्गा ~~बाँको~~ कायम रहेको उही स्थानमै लाभग्राही सुचीमा राख्न पहल गर्न प्राधिकरणका प्राविधिकहरुले पहल गर्ने।

सम्पूर्ण निर्णयहरु सम्पूर्ण उपस्थितिको राय, सल्लाह अनुसार निर्णयहरु पालना गर्ने र चैत्र मसान्त सम्म ~~घोषित गर्ने~~ पुनर्निर्माणको कार्य समापत गर्ने तिर पहल गर्ने भनि निर्णयहरु सर्वसम्मत पारित गरियो।